STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Siddhartha Chowk, Pokhara, Nepal

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ३१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागन २ गते सोमबार ❑ 14 Feb. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## प्रधानन्यायाधीश जबराविरुद्ध महाभियोग

**रासस**
**काठमाडौं, १ फागुन**

प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराविरुद्ध सङ्घीय संसद् सचिवालयमा महाभियोगको प्रस्ताव दर्ता भएको छ।

सत्तारूढ दलका सांसदहरूले सो प्रस्ताव आइतबार बिहान सवा १० बजे सिंहदरबारस्थित सचिवालयमा दर्ता गर्नुभएको हो। प्रस्तावमा प्रधानन्यायाधीश राणालाई कार्यक्षमता नभएको अभियोग लगाइएको छ।

सचिवालयका प्रवक्ता डा रोजनाथ पाण्डेका अनुसार सो प्रस्तावको प्रस्तावक नेकपा (माओवादी केन्द्र) का देवप्रसाद गुरुङ, नेपाली कांग्रेसका डा



पुष्पा भुसाल र नेकपा (एकीकृत समाजवादी) का जीवनराम श्रेष्ठ, समर्थकमा नेपाली कांग्रेसका डा मीनेन्द्र रिजालसहित ९५ सांसद रहनुभएको छ।

महाभियोगको प्रस्ताव दर्ता भएपछि वरिष्ठतम् न्यायाधीश दीपककुमार कार्की कामु प्रधानन्यायाधीश हुनुभएको छ।

सत्तारूढ दलका सांसदहरूले उक्त प्रस्ताव आइतबार बिहान सिंहदरबारस्थित सचिवालयमा दर्ता भएपछि उहाँ स्वतः कायममुकायम प्रधानन्यायाधीश हुनुभएको हो।

नेपालको संविधानको धारा, १०१ को उपधारा (२) बमोजिम महाभियोगबाट पदमुक्त हुने व्यक्तिले संविधानको गम्भीर उल्लङ्घन गरेको वा कार्यक्षमताको अभाव वा खराब आचरण वा पदीय दायित्वको पालन इमानदारीपूर्वक नगरेको वा आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको भन्ने आधारमा प्राप्त सूचना, जानकारी वा उजुरी ग्राह्य रहेको भनी प्रतिनिधिसभाका कम्तीमा तीनजना सदस्यले प्रमाणित गरी पेस गरेमा धारा, १०१ को उपधारा, (३) बमोजिमको समितिले त्यस्तो उजुरीमाथि सङ्घीय कानुनबमोजिम छानबिन गरी महाभियोगसम्बन्धी कारबाहीका लागि प्रतिनिधिसभासमक्ष सिफारिस गरेमा महाभियोगको प्रस्ताव पेस हुन सक्नेछ।

## सडक मोर्चामा जानुपर्ने परिस्थिती पनि आउन सक्छ: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, १ फागुन**




गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले देशको हालको राजनीतिक परिस्थिती अनुसार सडक मोर्चामा जानुपर्ने समय समेत आउन सक्ने बताउनु भएको छ।

माओबादी केन्द्रका नेता समेत रहेका मन्त्री बरालले २७ औ जनयुद्ध दीवसको सन्दर्भमाआइतबार माओबादी केन्द्र पोखरा २७ को सम्पर्क कार्यालयको उद्घाटन गर्दै देशको राजनीतिक परिस्थिती अनुसार अब सडक मोर्चामा समेत जानुपर्ने परिस्थिती आउन सक्ने बताउनु भएको हो।

पुराना सासकहरु अनुभवी र चलाखी भएकोले उनीहरु प्रति थप सचेत र सजग हुनुपर्ने बताउदै मन्त्री बरालले अझै पनि जनयुद्धको मर्म र भावना अनुसारको राज्य सत्ता संचालन हुन नसकेको गुनासो गर्नु भयो। उहाँले भन्नु भयो"नेपाली राजनीतिमा अझै कयौं गुणा कठिनायीसृजना हुने अबस्था आएकोले त्यसको सामना गर्नुपर्ने अबस्था आएको छ तर चुनौतीको सामना गर्न नसके प्राप्त गरेको उपलब्धिहरु गुम्न पनि सक्छ।" नयाँ प्राप्त गरेका अधिकार विस्थापित गरी खारेजी गर्नको निम्ति अनेक प्रकारका हरकतको प्रयास भएको बताउदै मनत्री बरालले यस प्रति समयमै सचेत हुनु पर्ने समय आएको दाबी गर्नु भयो। सडक आन्दोलनले प्रतिगम परास्थ पारेको स्मरण गराउदै मन्त्री बरालले आगामी वैशाख ३० गते हुने स्थानिय तहको निर्वाचनमा विजयी हुने मानसिकताका साथ निर्वाचनमा होमिन आग्रह गर्नु भयो।

अमेरीकी परियोजना एमसीसी संसोधन विना कुनै पनि हालतमा नेपालमा लागु गर्न नहुने पक्षमा आफुहरुले पहिले देखि वकालत गर्दै आएको उहाँले स्मरण गर्नुभयो। माओबादी केन्द्रका अग्रज नेता कोमलनाथ बरालले जनवादी गणतन्त्र ल्याउने जनयुद्धको मुल मर्म भए पनि हाल पुंजिबादी गणतन्त्र आएको तथा ४९ प्रतिशत मात्र जनयुद्धको उपलब्धि पुरा भएको दाबी गर्नु भयो। माओबादी केन्द्रका अग्रज नेता झलकपाणी तिवारीले जनयुद्धको उपलब्धि पुरा गर्न स्वदेशी तथा बिदेशी शक्ति लाग्ने बाधक भएको दाबी गर्नु भयो। प्रतिगमन बिरुद्ध एक जुट हुन उहाँले आग्रह गर्नु भयो।

गण्डकी प्रदेशका अर्थ तथा विकास समितिका सभापति दीपक कोइराला (रुपक) ले स्थानिय निर्वाचनमा अघिल्लो निर्वाचनको मुल्याङ्कन गरी उचित ढंगले लाग्नुपर्ने बताउनु भयो। माओबादी केन्द्रका नेता समेत रहेका सभापति रुपकले जनयुद्धले नेपालको सवै क्षेत्रलाई प्रभावित पारेकोले यसको छुट्टै महत्व रहेको दाबी गर्नु भयो। माआबादी केन्द्र पोखरा २७ का अध्यक्ष गोविन्द वाग्लेको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा वाईसिएल पोखरा २७ का अध्यक्ष रविन्द्र पौडेल, सचिव निर्मल पौडेल लगायतले वोल्नु भएको थियो।

यसैबिच माओबादी केन्द्र कास्कीले पार्टी कार्यालय पोखराको शिवालयचोकमा शुभकामना आदान प्रदान गरी २७ औं जनयुद्ध दीवस मनाएको छ। कार्यक्रममा माओबादी केन्द्रका अग्रज नेता द्धय कोमलनाथ बरालर झलकपाणी तिवारीले कार्यक्रममा सहभागिहरुलाई अविर लगाउदै शुभकामना व्यक्त गर्नु भएको माओबादी केन्द्रका नेता दीपक कोइराला रुपकले बताउनु भयो। कार्यक्रममा माओबादी केन्द्रका नेता तथा कार्यकर्ताको साथमा गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनको समेत सहभागिता रहेको थियो।

## रगतका लागि पैसा तिनुपर्ने बाध्यता प्रदेशभरि अन्त्य : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, १ फागुन**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले बिरामीका आफन्तले उपचारका क्रममा आवश्यक रगतका लागि पैसा तिनुपर्ने अवस्थाको अन्त्य भएको बताउनुभएको छ।

स्वास्थ्य मन्त्रालयको आयोजनामा आइतबार पोखरामा प्रदेश स्वास्थ्य नीतिको सार्वजनिकीकरण तथा निःशुल्क रक्तसञ्चार सेवा शुभारम्भ कार्यक्रममा उहाँले निःशुल्क रक्तसञ्चार सेवाको सुरुआत हुने समग्र गण्डकी प्रदेशसवासी र सरकारका लागि एउटा कोसेढुङ्गाका रूपमा भविष्यमा स्थापित हुने उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "यस प्रदेशभरि विविध कारणले सेवा शुल्कका नाममा रगतका लागि पैसा दिनुपर्ने नागरिकको बाध्यता आजका मितिदेखि समाप्त भएको छ। हाम्रा लागि यो खुसीको कुरा हो।"

सो अवसरमा मुख्यमन्त्री पोखरेललेवर्तमानसंविधानअनुसार नागरिकको स्वास्थ्य अधिकार सरकारको जिम्मामा रहेकाले सरकार कार्यान्वयन गर्न संवेदनशील रहेको स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "अहिलेको संविधानले स्वास्थ्य



सरकारको जिम्मामा छ। अन्य मौलिक अधिकारसहित स्वस्थ जीवन र स्वास्थ्यमा उपचारमा पहुँच अधिकारका रूपमा स्थापित छ, सोको कार्यान्वयनका लागि प्रदेश सरकार आफ्नो क्षमता, हैसियतका आधारमा जनताका बीचमा सेवा लिएर जान चाहन्छौँ। मानव स्वास्थ्यका सवालमा सरकार संवेदशील छ।" मानव स्वास्थ्य र जनताको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न सरकार लागिपरेको उहाँको भनाइ छ। सरकारको नीति तथा कार्यक्रमअनुसार मन्त्रालयले मेहनत गरेर स्वास्थ्य नीति बनाएर सार्वजनिक गरेकामा मुख्यमन्त्रीले खुसी व्यक्त गर्नुभयो। मुख्यमन्त्री पोखरेलले आफू नेतृत्वको सरकारले प्रदेशका दिदीबहिनी र आमाको पाठेघर र स्तन क्यान्सरको खर्च सरकारले बेहोर्ने पहिलो निर्णय गरेको भन्दै उहाँले सोको कार्यान्वयनका काम अघि बढाउनसमेत मन्त्रालयलाई आग्रह गर्नुभयो। स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मधुमाया अधिकारीले सङ्घीयताको मर्मअनुसार नागरिकको स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्दै स्वास्थ्य उपचारमा व्यक्तिको लागत घटाउने उद्देश्यले निःशुल्क रक्तसेवा सुरु गरिएको बताउनुभयो। स्वास्थ्य नीतिमा निःशुल्क आधारभूत स्वास्थ्य सेवा र आकस्मिक स्वास्थ्य सेवाको पहुँच बढाइने उल्लेख रहेकाले सोको कार्यान्वयन सुरु गरिएको मन्त्री अधिकारीले बताउनुभयो। उहाँले भन्नुभयो, "स्वास्थ्य सेवा प्रवाहका क्रममा रगतको आवश्यकता पर्ने बिरामी तथा दुर्घटनाका कारण रगत दिनुपर्ने व्यक्तिले आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने क्रममा अब रगत निःशुल्क पाउनेछन्। यसबाट बिरामीको जीवन जोखिममा पर्ने अवस्था अन्त्य भई जनताको जीवन रक्षा गर्न सहयोग पुग्नेछ। निम्न आयस्तर भएका नागरिकलाई फाइदासमेत हुनेछ।"

गण्डकी प्रदेश सरकारले नेपाल रेडक्रस सोसाइटीसँग रगत निःशुल्क गर्नका लागि सम्झौता गरेको छ। प्रदेशका सम्पूर्ण स्वास्थ्य संस्थामा उपचार गराइरहेका बिरामीलाई निःशुल्क रगत उपलब्ध हुने गराइने मन्त्रालयले जनाएको छ। सोसाइटी मातहतको रक्तसञ्चार केन्द्रले यसअघि रगतको सेवा शुल्कबापत रु ७०० देखि रु एक हजारसम्म शुल्क लिँदै आएकामा फागुन १ देखि सोबापतको शुल्क सरकारले बेहोर्ने र रक्तसञ्चार केन्द्रले निःशुल्क रगत नागरिकलाई उपलब्ध गराउने जनाइएको छ। नेपाल रेडक्रस सोसाइटी कास्कीका सभापति डोलराज पाण्डेले रगतको सेवा शुल्क सरकारले दिएर निःशुल्क गरिनु प्रशंसनीय रहेको बताउनुभयो। सोसाइटीले समेत लामो समयदेखि निःशुल्क गर्न माग गरेको उहाँको भनाइ छ। गण्डकी प्रदेशमा वार्षिक २८ हजार ५०० पिन्ट रगत खपत हुने बताइन्छ।

## महाअभियोग प्रस्ताव षड्यन्त्र पूर्णरूपमा आएको एमाले बैठकको ठहर

**रासस**
**काठमाडौं, १ फागुन**

नेकपा एमालेले प्रधानन्यायाधीश विरुद्धको महाअभियोगलाई षड्यन्त्रपूर्ण कदमको सङ्ज्ञा दिएको छ।

आइतबार साँझ बालकोटस्थित एमाले अध्यक्ष केपी शर्मा ओली निवासमा बसेको प्रमुख प्रतिपक्ष दल एमाले सचिवालय बैठकको निर्णयबारे जानकारी गराउँदै महासचिव शङ्कर पोखरेललेप्रधानन्यायाधीशविरुद्धको महाअभियोग अदालतमाथिको प्रहार, सिङ्गो लोकतन्त्र र सार्वभौम सत्तामाथिको प्रहार भएको बैठकले ठहर गरेको बताउनुभयो। महासचिव पोखरेलले भन्नुभयो, "एमालेले महाअभियोग प्रस्ताव अदालत, लोकतन्त्र र सार्वभौम सत्तामाथिको षड्यन्त्रपूर्ण कदम भएको ठहर गरेको छ, यसलाई एमालेले गम्भीर ढङ्गले लिँदै प्रतिवाद गर्ने निर्णय गरेको छ।" उहाँले सत्ता गठबन्धनले नेपालमा नियन्त्रित अस्थिरता सिर्जना गर्ने उद्देश्यले महाअभियोग प्रस्ताव ल्याएको भन्दै सत्तापक्ष र प्रतिपक्षबीचको सम्बन्ध बिगार्ने षड्यन्त्रका साथ आएको बताउनुभयो।

महासचिव पोखरेलले भन्नुभयो, "आगामी स्थानीय तहको चुनावलाई समेत असर पार्ने र चुनावलाई पर धकेल्ने प्रयासका साथ महाअभियोग प्रस्ताव आएको छ, यो प्रस्तावले सर्वोच्च अदालतमा रहेका विचाराधीन मुद्दालाई प्रभावित पार्ने योजनाका साथ आएको हाम्रो ठहर छ, यसले देशको राजनीतिक प्रणालीलाई अस्थिर बनाउँछ।"

महाअभियोगको प्रतिवाद गर्ने र जनतालाई यसको विपक्षमा उभिन आग्रह गर्ने बैठकले निर्णय गरेको जानकारी दिँदै उहाँले महाअभियोग असफल पार्न जरुरी रहेकाले सोमबार बस्ने एमाले संसदीय दलको बैठकले त्यसका लागि निर्देशन दिने र महत्वपूर्ण निर्णय गर्ने बताउनुभयो।

VACANCY ANNOUNCEMENT

Global Mark education is an established multinational organization Providing genuine and quality education and migration services to the students who are willing to study in Australia for higher education. We are providing our Services from Australia, Sri Lanka, India and 4 different branches in Nepal: Kathmandu, Pokhara, Chitwan and Butwal. We are hiring following positions in our newly opening branch in Chipledhunga, Pokhara. so, if you think you are suitable for these positions, we highly encourage you to apply. If you have the skill and can-do attitude but no experience just apply, we will provide you training. Please send your Curriculum vitae (Resume) and a passport size photo by 4th Feb 2022 to Email: pokhara@gmeducation.com.au or globalmarkpokhara@gmail.com

**Note: Please mention the position you are applying for in the subject section of your email.**
**Position: Education Consultant/ Counsellor**
**The role will be full time (Sunday- Friday)**

**Duties:**
➢ Provide professional and genuine consultation to the students.
➢ Assist students to facilitate their admissions to various Australian College and Universities.
➢ Conduct Informational seminars/webinars for prospective students.
➢ Communicate with students in professional and timely manner.
➢ Keep record of students in our database.
➢ Coordinate with other staff members and Office manager to provide quality and appropriate service to the students.
➢ Assist in formulation of marketing strategies.

**Qualities:**
➢ Should be a Bachelor/Masters graduate
➢ Previous experience in education Counselling (Preferred but not compulsory)
➢ Be Self-motivated and able to achieve targeted goals.
➢ Good Communication and interpersonal skills (Should be fluent in English Speaking and writing both)
➢ Interest in a long-term careerBe proper organised, follow the procedures and able to perform the work under pressure and given deadlines.
➢ Be a QEAC(Qualified Education Agent Counsellor) or Willing to obtain QEAC( We will support you to obtain QEAC)

**Benefits:**
➢ Competitive salary with incentives as per company policy.
➢ Opportunity to build a career in the education/migration industry.
➢ Opportunity to be upskilled and well trained.
Position: Front Desk Officer

**Duties:**
➢ Receiving visitors at the front desk with greeting, welcoming, directing and serving them appropriately.
➢ Answering, screening and forwarding incoming phone calls.
➢ Send emails to the clients as per requirements.
➢ Perform other clerical receptionist duties.
➢ Documentation
➢ Other duties as required.

**Qualities required:**
➢ +2 Graduate or bachelor's degree running can apply
➢ Good communication skills
➢ Proficient in English writing skills with the command of spelling, grammar, and punctuation
➢ Proficiency with Microsoft Office Suite
➢ Professional attitude and appearance
➢ Punctual and willing to work in odd hours when needed

**Benefits:**
➢ Competitive salary with incentives as per company policy.
➢ Opportunity to build a career in the education/ migration industry
➢ Opportunity to be upskilled and well trained.

**Global Mark Education**
Chipledhunga, Pokhara, Ph. 061- 419023, 9856019073
Website: www.gmeducation.com.au

# वन संरक्षणमा वन प्राविधिकहरुको भूमिका महत्वपूर्ण : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
**पोखरा, १ फागुन**



गण्डकी प्रदेश सरकारका कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्री विन्दु कुमार थापाले वन संरक्षणमा वन प्राविधिकहरुको भूमिका महत्वपूर्ण रहेको बताउनुभएको छ । प्रजातान्त्रिक वन प्राविधक संघ नेपाल गण्डकी प्रदेशको प्रथम अधिवेशन कार्यक्रमलाई उदघाटन गर्दै उहाँले नेपालमा अनावश्यक रुपमा वन फडानी भइरहेको र यसको संरक्षणमा लाग्नुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

'अनावश्यक रुपमा वन फडानी हुँदा प्राकृतिक विपति जस्ता समस्या आइरहेका छन्', उहाँले भन्नुभयो, 'हरियो वन नेपालको धन केवल नारामा मात्रै सिमित रहेको छ, यसको संरक्षणमा सबै जुट्नुपर्ने आवश्यकता छ ।' मन्त्री थापाले प्रदेश सरकारले वन संरक्षण सम्बन्धि ऐन निर्माण गर्ने तयारी गरिरहेको र संघीय सरकारको केही झन्झटिलो नीति नियमका कारण रोकिएको बताउनुभयो । उहाँले वनलाई विकास निर्माण र देशको समृद्धिसँग पनि जोड्नुपर्ने आवश्यकतालाई औंल्याउनुभएको छ । जून वन प्राविधिकहरुले मात्र पूरा गर्न सक्ने धारणा उहाँको छ ।

मन्त्री थापाले वनले पर्यटन क्षेत्रको विकासमा समेत टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । सामुदायिक वनको संरक्षणले नेपालमा पाइने दुर्लभ वन्यजन्तुमा ह्रास नआउने र अवलोकनका लागि पर्यटकहरुको आगमन बढ्ने विश्वास उहाँको छ । उहाँले वन प्राविधिकहरुको समस्या न्युनिकरणमा प्रदेश सरकार प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो । 'वन प्राविधिकहरुलाई परेका समस्याको न्युनिकरणमा प्रदेश सरकार प्रतिबद्ध छ', उहाँले भन्नुभयो, 'दक्ष जनशक्तिलाई नेपालमै काम गर्ने वातावरण मिलाउन यहाँहरुले पनि सक्दो सहयोग गर्नुपर्यो ।'

मन्त्री थापाले विकास विरोधि वन ऐनका कारण कतिपय काठहरु वनमा नै कुहिएर नास हुने अवस्था रहेको बताउनुभयो । उहाँले वन सम्बन्धि ऐनलाई नै संशोधन गरी विकास अनुरुप बनाउनुपर्ने आवश्यकता रहेको उल्लेख गर्नुभएको छ । 'विकास विरोधि ऐनका कारण वर्षौ देखि वनमा आफै ढलेका रुखहरुलाई काठका रुपमा परिणत गरी विकास आयोजनामा प्रयोग गर्न सक्ने अवस्था छैन', उहाँले भन्नुभयो, 'भारतबाट काठ आयत गर्नुपर्ने अवस्था छ । यस्ता ऐन कानून संशोधन हुनुपर्छ ।' वनलाई संरक्षण गर्दै पुराना रुखहरुलाई काठको रुपमा परिणत गरी विकास निर्माणमा प्रयोग गर्नुपर्ने धारणा उहाँको छ ।

# कास्कीमा पनि दुध तथा दुग्ध पदार्थको मूल्य वढ्यो

**पोखरापत्र संवाददाता**
**पोखरा, १ फागुन**



कास्की दुध व्यवसाय संघ कास्कीको आइतबार वसेको वैठकले दुध तथा दुग्ध पदार्थमा मुल्य वृद्धि गरेको छ ।

निर्णय अनुसार किसानहरुको व्यावसायीक उत्पादनमा पर्न गएको लागत मूल्यमा भएको वृद्धिले गर्दा सम्पूर्ण उत्पादनमा लागेका व्यावसायीक किसानहरुलाई व्यवसाय संचालनमा पर्न गएको विविध समस्याहरुका कारण मुल्य वृद्धि गरिएको हो ।

साथै संघले आइतवार एक प्रेश विज्ञप्ति प्रकाशित गरी नेपाल सरकारले २०७८ माघ १७ गते दुधमा गरेको मूल्य वृद्धिलाई पनि मध्यनजर राख्दै यहि मिति २०७८ फागुन ०५ बाट लागु हुने गरी बढेको जनाएको छ ।

संघका अध्यक्ष विरेन्द्र भण्डारीद्धारा हस्ताक्षरित विज्ञप्तिमा दुध तथा दुग्ध पदार्थको मूल्यमा ७० % किसानहरुलाई र ३०% व्यवसायीहरुलाई रहने गरी दुधको मूल्य वृद्धि भएको निर्णय गरिएको तथा यसबाट उपभोक्ता वर्गमा पर्न गएको असुविधा प्रति कास्की दुध व्यवसायी संघ क्षमा प्रार्थी भएको वताएको छ । फ्याट ६/एसएनएफ ८ भएको भैसींको दुध प्रतिलिटर एक सय ३० रुपैया, फ्याट ५/एसएनएफ ८ भएको भैसींको दुध प्रतिलिटर एक सय २० रुपैया, फ्याट ४/एसएनएफ ८ भएको गाईको दुध प्रतिलिटर एक सय, नौनी ध्यु प्रतिकेजी नौ सय, पनिर प्रतिकेजी आठ सय, कुराउनी प्रतिकेजी एक हजार, चिज प्रतिकेजी एक हजार एक सय, ध्यु प्रतिलिटर एक हजार एक सय, सादा दहि प्रतिलिटर एक ४०, वट्टा दहि (स्पेशल) प्रतिलिटर एक सय ७० मुल्य कायम गर्ने निर्णय गरिएको सचिव जमुना ढकालले वताईन् ।

# सभामुखद्धारा सर्वदलीय बैठक आह्वान

**रासस**
**काठमाडौं, १ फागुन**

सभामुख अग्निप्रसाद सापकोटाले सोमबार दिउँसो २ बजेका लागि सर्वदलीय बैठक आह्वान गर्नुभएको छ ।

प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराविरुद्ध संसद्मा महाअभियोग प्रस्ताव दर्ता भएसँगै पछिल्ला राजनीतिक घटनाक्रमको विषयमा छलफलका लागि सभामुख सापकोटाले सर्वदलीय बैठक बोलाउनुभएको उहाँका प्रेम विज्ञ श्रीधर न्यौपानेले राससलाई जानकारी दिनुभयो ।

प्रधानन्यायाधीश जबराविरुद्ध सत्तारूढ दलका सांसदहरूले आइतबार बिहान सवा १० बजे सिंहदरबारस्थित संसद् सचिवालयमा महाभियोगको प्रस्ताव दर्ता गराउनुभएको थियो । प्रस्तावमाप्रधानन्यायाधीशराणालाई कार्यक्षमता नभएको अभियोग लगाइएको छ । सचिवालयका प्रवक्ता डा रोजनाथ पाण्डेका अनुसार सो महाअभियोगको प्रस्तावक नेकपा (माओवादी केन्द्र) का देवप्रसाद गुरुङ, नेपाली कांग्रेसका डा पुष्पा भुसाल र नेकपा (एकीकृत समाजवादी)का जीवनराम श्रेष्ठ हुनुहुन्छ । यस्तै समर्थकमा नेपाली कांग्रेसका डा मीनेन्द्र रिजालसहित ९५ सांसद हुनुहुन्छ । यता सोमबार बोलाइएको प्रतिनिधिसभाको बैठक भने यही फागुन ४ गते बुधबारका लागि सारिएको छ ।

# राजनीतिक दलको कदम सकारात्मक : बार

**रासस**
**काठमाडौं, १ फागुन**

नेपाल बार एशोसिएशनले प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबरालाई महाअभियोग प्रस्ताव दर्ता गर्नु सकारात्मक कदम भएको जनाएको छ ।

बारका महासचिव लीलामणि पौडेलले आज जारी गरेको प्रेस विज्ञप्तिमा संविधानबमोजिम निष्कर्षमा पुर्‍याउन प्रतिनिधिसभाका सम्पूर्ण राजनीतिक दल तथा सांसदहरुको थप सकारात्मक पहल गर्न आवश्यकता भएको उल्लेख छ ।

बारले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "महाअभियोग प्रस्तावलाई पारित गराउन सकारात्मक पहल गर्न सम्पूर्ण राजनीतिक दल तथा माननीय सांसदज्यूलाई हार्दिक आह्वान पनि गर्दछौं ।" बारले न्यायालय शुद्धीकरण गर्न माग गर्दै १०७ दिनसम्मदेखि आन्दोलन गर्दै आएको थियो । प्रधानन्यायाधीश राणाविरुद्ध संसद्मा महाअभियोगको प्रस्ताव दर्ता भएको थियो ।

# ५२१ मा कोरोना संक्रमण

**रासस**
**काठमाडौं, १ फागुन**

देशभर पछिल्लो २४ घण्टामा थप ५२१ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा १० हजार ११५ को नमूना परीक्षण गरिएको थियो ।

छ हजार ३७ ले पीसीआर र चार हजार ७८ ले एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।

गत २४ घण्टामा तीन हजार ९३५ कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन् । कूलमा सङ्क्रमण दर १८ दशमलव दुई प्रतिशत छ । कोभिड विरुद्धको खोप लगाउनेको सङ्ख्या पछिल्लो २४ घण्टामा ५६ हजार १२ रहेको छ । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या २२ हजार ५८४ रहेको छ । पछिल्लो २४ घण्टामा कोरोनाबाट १० जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । हाल भेन्टिलेटरमा रहनेको सङ्ख्या जम्मा ३३ र आइसियुमा १८१ रहेको छ । होम आइसोलेशनमा २१ हजार ६९२, संस्थागत आइसोलेशनमा ८९२ र क्वारेन्टिनमा ११८ रहेका छन् । काठमाडौं उपत्यकामा आज १५० मा सङ्क्रमण पुष्टि भएको छ । काठमाडौंमा सात हजार ९७, ललितपुर ४४ र भक्तपुरमा नौ जनामा सङक्रमण देखिएको छ ।

हाल देशभर कूल तीन करोड ५३ लाख १५ हजार ७१५ खोप लगाइएको मन्त्रालयले जनाएको छ । हालसम्म पहिलो मात्रा लगाउनेको सङ्ख्या एक करोड ४२ लाख ३८ हजार ९९२ र दोस्रो मात्रा लगाउनेको सङ्ख्या एक करोड ६३ लाख ९७ हजार ९७७ पुगेको छ । बुष्टर खोप लगाउनेको सङ्ख्या सात लाख १८ हजार ७४६ पुगेको छ

# गठबन्धन भत्काउने षड्यन्त्र सफल हुँदैन : अध्यक्ष प्रचण्ड

**रासस**
**काठमाडौं, १ फागुन**

पूर्वप्रधानमन्त्री तथा (नेकपा माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सत्तारूढ गठबन्धलाई भत्काउने प्रतिक्रियावादीको षड्यन्त्र सफल नहुने बताउनुभएको छ ।

सत्ताइसौं जनयुद्ध दिवसका अवसरमा मधेस प्रदेश सरकारअन्तर्गतको मधेसी सहिद प्रतिष्ठानद्वारा आज जनकपुरधाममा आयोजित सहिद परिवारको सम्मान तथा राहत वितरण कार्यक्रममा अध्यक्ष दाहालले गठबन्धलाई अझ सुदृढ र सबल बनाएर लैजाने प्रयत्न भइरहेकाले प्रतिक्रियावादी तत्वको गठबन्धन भत्काउने षड्यन्त्र सफल नहुने बताउनुभयो ।

"गठबन्धन बनेदेखि नै प्रतिक्रियावादी, पूरा राजा महाराजा गठबन्धन भत्काउने षड्यन्त्रमा लागेका छन्", अध्यक्ष दाहालले भन्नुभयो, "त्यो षड्यन्त्र अझै पनि जारी छ, तर हामी यो गठबन्धनलाई अझै सुदृढ बनाएर लैजाने प्रतिबद्धताका साथ अघि बढिरहेका छौं, त्यसैले उनीहरुको त्यो सपना कहिले पूरा हुँदैन ।" संविधान नस्वीकार्ने तथा परिवर्तनलाई आत्मसात् नगर्ने तत्वले गठबन्धनलाई भत्काउने, निर्वाचन कार्यक्रमलाई बिथोल्ने र फेरि पनि मुलुकको वातावरणलाई धमिलो बनाउने प्रयास गरिरहेकाले सबै सचेत हुनुपर्ने उहाँको भनाइ थियो ।

"जनयुद्ध, जनआन्दोलन र मधेस आन्दोलनका बलमा पराजित भएकाप्रति क्रान्तिकारी प्रवृत्ति चुप लागेर बसेको छैन", अध्यक्ष दाहालले भन्नुभयो, "त्यसले अझै पनि प्रतिगमन गराउने नै कसरत चलाइराखेको छ र त्यसलाई मलजल गर्न देशभित्र र बाहिर विभिन्न खालका प्रतिक्रियावादी शक्ति सक्रिय नै छन् ।"

संविधानको रक्षा, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वय र राष्ट्रियताको रक्षाका लागि गठबन्धन बनेको उल्लेख गर्दै अध्यक्ष दाहालले अझै गठबन्धनलाई निरन्तरता दिनुपर्ने कुरालाई गठबन्धनका साथै नेताहरुले बुझेकाले तत्काल गठबन्धन नटुट्ने दाबी गर्नुभयो ।


**तपाई निम्नमध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन ?**

- बाल विवाह
- अनमेल विवाह
- अनिच्छित विवाह
- बहु विवाह
- दाइजो विवाह
- दवाव विवाह

**विचार गर्नुस,**
**के तपाई अपराध र अपराधीलाई सहयोग त गरिरहनुभएको छैन ? यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन् ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# बलेवा विमानस्थलको धावनमार्ग कालोपत्र सुरु

पोखरापत्र संवाददाता
बागलुङ, १ फागुन

बागलुङको बलेवा विमानस्थल धावनमार्ग कालोपत्र सुरु भएको छ। विसं २०७७ फागुनमै कालोपत्र गर्नुपर्ने विमानस्थलको धावनमार्ग कालोपत्रको काम पटक-पटक प्रभावित बन्दै आएको थियो । गत असारमै सम्पन्न गरी सञ्चालनमा ल्याउने लक्ष्य रहेको विमानस्थलको धावनमार्ग कालोपत्रको काम दुईपटक म्याद थपिसकेको छ। लामो समयको कोरोना सकस र मौसमी प्रतिकूलका बीच धावनमार्ग कालोपत्रको काम शुक्रबारदेखि सुरु भएको छ।

विसं २०७७ फागुनभित्र विमानस्थलको ७०० मिटर लम्बाइ तथा ३० मिटर चौडाइ धावनमार्ग कालोपत्र गरी सक्ने गरी नेपाल नागरिक उड्डयन प्राधिकरणले काष्ठमण्डम उमा एण्ड कम्पनी जेभी बल्खुसँग रु सात करोडमा ठेक्का सम्झौता गरेको थियो । विमानस्थलको सम्पूर्ण पूर्वाधार निर्माण सम्पन्न भएको र फागुन १५ भित्रै धावनमार्ग कालोपत्रको काम सम्पन्न भइसक्ने निर्माण कम्पनीका प्रतिनिधि वासु थापाले जानकारी दिनुभयो।

कोरोना महामारी र वर्षाका कारण पटक-पटक प्रभावित बनेको कालोपत्र कामले तीव्रता पाएको उहाँले बताउनुभयो । "मौसममा सुधार भएसँगै काम सुरु भएको छ, अहिले बिटामिन छर्ने काम भइरहेको छ, तत्कालै प्लान्टबाट कालोपत्रको कच्चा पदार्थ ल्याइन्छ", उहाँले भन्नुभयो, "आगामी फागुनभित्रै विमानस्थको कालोपत्रको काम सम्पन्न भएर हस्तान्तरण गरिने छ, कोरोना र पानी परेर सडक बन्द हुँदा कालोपत्रमा ढिलाइ भएको हो, अब गर्मीसमेत लाग्न थालेको छ, १५ दिनमै विमानस्थल तयार गर्ने योजनामा छौँ ।" धावनमार्गको कटिङ, नाली तथा तारबार एक वर्ष पहिलै सकिएर कालोपत्रका लागि तयार भएको विमानस्थल अहिलेसम्म सडक र कोरोनाका कारण धानवनमार्गको ग्राभेलसमेत सम्पन्न भइसकेको थियो।कोरोनामहामारीरमौसमका कारण धावनमार्गको कालोपत्र गर्न समस्या भइरहेकामा अहिले काम प्रारम्भ भएको नेपाल नागरिक उड्डयन प्राधिकरणका प्राविधिक मीनराज ओझाले जानकारी दिनुभयो । उहाँका अनुसार ठेकदार कम्पनीले कालोपत्रका लागि सबै तयारी पूरा गरेर अहिले धावनमार्गको भुले उडाउने, बिटामिन छर्ने काम गरिरहेको छ। घाम नलागेका कारण कालोपत्रमा समस्या भएका थियो, अहिले मौसम क्रमशः सुधार भएकाले प्राविधिक हिसाबले काम गर्न सहज भएको उहाँको भनाइ छ । विमानस्थल कालोपत्रको ठेक्का चैत मसान्तसम्म मात्रै रहेको प्राधिकरणले जनाएको छ । विमानस्थलको जम्मा १५ प्रतिशतमात्रै काम बाँकी छ । कालोपत्र निर्माणसँगै विमानस्थलको काम सम्पन्न हुनेछ।

छब्बीस वर्षदेखि बन्द अवस्थामा रहेको सो विमानस्थल बागलुङ नगरपालिकाको संयोजनमा २०७४ चैत ९ गतेबाट पुनःसञ्चालन आएको थियो । नेपाल एयरलाइन्स तथा तारा एयरलाइन्सका जहाजले केही महिना उडानसमेत भरेका थिए । तर आवश्यक पूर्वाधार अभावले अहिले विमानस्थल बन्द छ । बागलुङ नगरपालिका-१४ नारायणस्थानमा सो विमानस्थल छ। हवाई सेवा नियमित भएमा बागलुङ जिल्लाका साथै पर्वत र म्याग्दीका जनतालाई समेत सुविधा पुग्ने बताइएको छ।

कालीगण्डकी करिडोरसँग जोडिएको विमानस्थल पुग्न बागलुङ बजारबाट १२ किलोमिटर सडक कच्ची छ । मध्यपहाडी लोकमार्ग र कालीगण्डकी करिडोर कालोपत्र हुन सकेमा विमानस्थल सञ्चालनका लागि यात्रु अभाव नहुने सरोकारवाला बताउँछन् । बर्खाको समय धावनमार्गमा हिलो र हिउँदमा धुलो उड्ने समस्या भएपछि विमानस्थल बन्द भएको थियो।

# सार्दिखोला-घाचोकमा पक्की मोटरेबल पुल : स्थानीयवासी खुसी

-कृष्ण दबाडी
कास्की, १ फागुन

कास्कीको माछापुच्छ्रे गाउँपालिका-२ सार्दिखोलाका पुष्पराज गौतम गाउँपालिकाको कार्यालय जानुपर्दा पोखरा भएर जाने-आउने गर्नुहुन्छ । गाउँपालिकाको केन्द्र लाहाचोकमा आवत जावत गर्दा हिउँदयाममा सेती नदीमा अस्थायी संरचनाबाट वारपार गर्न सकिने भए पनि बर्खा लागेपछि सार्दिखोलावासीका दुःखका दिन सुरु हुन्छन्।

माछापुच्छ्रेका नौ वडामध्ये वडा नं २ लाई मात्र सेती नदीले छुट्याएको छ । सेतीको रातोपानीमा झोलुङ्गे पुलबाट यात्रु वारपार गरे पनि पक्की पुल नहुँदा बर्खामा गाडी वारपार गर्न सक्दैनन् । बर्खायाम सुरु भएसँगै गाउँपालिकाको केन्द्र पुग्न गौतमजस्तै स्थानीयवासीलाई पोखरा भएर जानुपर्ने बाध्यता हुन्छ।

गाउँपालिकाको केन्द्र जोड्ने सार्दिखोला-घाचोक सेती नदीमा मोटरेबल पुल नहुँदा सार्दिखोलावासीले हैरानी व्यहोर्दै आए पनि अहिले दुई वडा जोड्ने गरी सेती नदीमा पक्की मोटरेबल पुलको काम सुरु भएको छ। पुलको काम धमाधम हुँदै गर्दा सार्दिखोलावासी पनि उत्साहित भएका छन् । उहाँले भन्नुभयो, "हामीलाई आफ्नै गाउँपालिकाको कार्यालयसम्म जान पनि निकै सास्ती थियो । पन्ध्र मिनेटमा पुगिने कार्यालय जान पुरुन्चौर हुँदै घुमरे जाँदा एक घण्टा समय लाग्ने गरेकामा पुलको काम सुरु भएपछि वडावासीमा खुसी छाएको छ।"

सार्दिखोलावासीले विसं २०७४ स्थानीय तह पुनःसंरचनाका बेलैमा सेती नदीमाथि रातोपानीमा पुल बन्नुपर्ने माग उठाएका थिए। पुल नहुने हो भने पोखरामा मिसिनुपर्ने मागसमेत उनीहरूको थियो। तत्कालीन जिल्ला विकास समितिबाट पुल निर्माणको प्रतिबद्धतापछि सार्दिखोलावासीले माछापुच्छ्रेमा मिसिन तयार भए पनि प्रतिबद्धताअनुसार पुल नबनेपछि निरास बने।

गण्डकी प्रदेश सरकार स्थापनापछि पहिलो वर्षमा पुलको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) का लागि रु ७५ लाख विनियोजन गरिएको थियो। तर पटकपटक डिजाइन परिवर्तन भएपछि पुलको काम अघि बढ्न सकेको थिएन । अहिले पुलको काम धमाधम सुरु भएको छ। सोही वडाका वडाध्यक्ष विक्रम गुरुङले रातोपानीमा पक्की मोटरेबल पुलको माग धेरै पहिलादेखि नै गरिएको जानकारी दिनुभयो । गाउँपालिका पुग्नका लागि समेत दुःख हैरानी भोग्नुपरेपछि सङ्घ र प्रदेश सरकारसँग पुलको योजना माग गरिएको उहाँले बताउनभुयो । उहाँले भन्नुभयो, "पुलको काम सुरु भएपछि वडावासी सबै खुसी भएका छन्। तोकिएको समयभित्रै गुणस्तरीय हिसाबले पुल निर्माणको काम सम्पन्न गर्न वडाको तर्फबाट आवश्यक सहयोग र समन्वय गर्नेछौँ ।" प्रदेश सरकारको रु १० करोड २८ लाख ५७ हजार लागतमा ७० मिटर लामो र साढे १० मिटर फराकिलो पुलको काम सुरु भएको हो। पूर्वाधार विकास कार्यालय कास्कीका प्रमुख महेन्द्र बानियाँले हालसम्म पुलको २० प्रतिशत आर्थिक र १० प्रतिशत भौतिक प्रगति भएको जानकारी दिनुभयो।

विसं २०८० साउन २४ गतेभित्रमा काम सम्पन्न गर्ने गरी गत साउन २५ गते हिमदुङ थोकर, रामजानकारी जेभी काठमाडौँसँग ठेक्का सम्झौता गरिएको उहाँले बताउनुभयो । प्रदेश सरकारको पहिलो वर्ष पुलको डिपिआरका लागि बजेट विनियोजन भए पनि पछिल्लो समय स्रोत अभावमा योजना कार्यान्वयनमा ढिलाइ भएको सोही क्षेत्रबाट प्रदेशसभामा निर्वाचित प्रदेशसभा सदस्य एवं हालका गण्डकी प्रदेशका अर्थमन्त्री रामजीप्रसाद बरालले बताउनुभयो।

सार्दिखोला, घाचोक, लाहाचोक र साविक माछापुच्छ्रे गाविससहित पोखराको उत्तर-पश्चिम क्षेत्रका नागरिकसमेत पुल बनेपछि लाभान्वित हुने र यस पुलको महत्व धेरै रहेको उहाँको भनाइ छ । अर्थमन्त्री बरालले भन्नुभयो, "योजनाको कूल लागतको २० प्रतिशत स्रोत नहुँदासम्म बहुवर्षीय योजना अघि नबढाउने सरकारको नीतिले पनि योजना कार्यान्वयनमा ढिलाइ भयो, रातो किताबमा योजना पऱ्यो तर कार्यान्वयनमा नजाँदा जनतामा निराशा आउनु स्वाभाविक हो । धेरै मेहेनतपछि यस वर्ष पुलको स्रोतको सुनिश्चित भएको छ, अब काम अघि बढ्छ।" अर्थमन्त्री बरालले माछापुच्छ्रेका धिप्राङ र मर्दीखोलामाथि पनि पक्की पुल निर्माणको योजना प्रदेश सरकारको रहेकाले पुल बनेपछि गाउँपालिकाका नौवटै वडा हिउँद/बर्खामा पनि सडक सञ्जालबाट जोडिने जानकारी दिनुभयो।


## श्री कालिका वचत तथा ऋण सहकारी संस्था लि. को तपसिलमा उल्लेखित ऋणीहरूको धितो लिलाम सम्बन्धी ३५ दिने सूचना ।

प्रथम पटक प्रकाशित मिति २०७८/११/०१ गते

तपसिलमा उल्लेखित ऋणीहरुले यस श्री कालिका वचत तथा ऋण सहकारी संस्था लि.बाट उपभोग गर्नुभएको कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज र हर्जना रकम नतिरी नबुझाई संस्थासँग गरेको कर्जा सम्बन्धि शर्त कबुलियतको उल्लघंन गर्नुभएको र ऋणीहरु तथा व्यक्तिगत धनजमानी कर्ताहरुलाई पटक पटक मौखिक, लिखित तरताकेता विभिन्न समयमा म्याद दिनुका साथै ऋणको साँवा, व्याज किस्ता बुझाउन आउनु भनी राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने, २१ दिने, १५ दिने र ७ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जाको साँवा, व्याज किस्ता र हर्जना लगाएतका रकमहरु तिर्न बुझाउन ऋणी तथा व्यक्तिगत धनजमानी कर्ताहरु सम्पर्कमा नआउनु भएकाले यस संस्थाको मिति २०८७/१०/२४ को धितो मुल्याङ्कन समितिको निर्णय र सोही मितिको यस संस्थाको निर्णय बमोजिम यस संस्थामा सुरक्षण वापत धितो रोक्का राखेको तपसिल उल्लेखित ऋणीहरुको सम्पत्तिलाई मिति २०७८/१२/०७गते लिलाम गरिने व्यहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

साथै ऋणीहरु र यस सहकारी संस्था बीच भए गरेका सम्झौता सहकारी ऐन, २०७४ सहकारी नियम-२०७५ तथा अन्य प्रचलित कानूनले सहकारीलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा नाम समाबेश गर्न लेखी पठाई ऋणीहरुले धितो सुरक्षण वापत सहकारीलाई लेखिदिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री हुँदा लिलाम बिक्री हुन नसकी सहकारीले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट सहकारीको सम्पूर्ण रकम असुल उपर नभएमा, असुल हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु तथा व्यक्तिगत धनजमानी कर्ताहरुको घर घरानाबाट असुलउपर गर्ने प्रकृया अगाडि बढाईने हुँदा लिलाम सकार्न चाहनेहरुले यस कार्यालयमा सम्पर्क गर्नुहुन यो ३५ दिने सूचना प्रकाशित गरिएको छ।

### तपशिल

मुल्याङ्कन गरीएको सम्पत्तिको विवरण

१.मोतिको नाति, लालबहादुर गुरुङ्को छोरा गण्डकी प्रदेश स्याङ्जा जिल्ला साविक दार्सिङ दहथुमगा.वि.स. वडा नं. ४ को हाल परिवर्तित भिरकोट न.पा. वडा नं. ०२ बस्ते धनबहादुर गुरुङ्का नाउमा नापि नक्शा भै आफैले हकभोग गरी आएको साविक दार्सिङ् दहथुम गा.वि.स वडा नं. ४ को हाल भिरकोट न.पन. वडा नं. २ मा पर्ने कित्ता नं. ५३, ११७, १७८, २३९, ६९८ को क्षेत्रफल क्रमश ०.११.३.१, ५.२.०.१, ३.१३.०.३, ०.१४.१.३, २०.१५.०.३ जग्गा र सो जगाले चर्चेको र भविश्यमा चर्चिने सम्पूर्ण लिग लागापात समेत।

(माथि उल्लेखित कित्ता नं. ५३, ११७, १७८, २३९, ६९८ को क्षेत्रफल क्रमश ०.११.३.१., ५.२.०.१., ३.१३.०.३., ०.१४.१.३., २०.१५.०.३.जग्गाको लागि जम्मा रु.१९,२७,५८४।- अक्षरेपी उन्नाईस लाख सत्ताईस हजार पाँच सय चौरासी।)

२.हिमन्तको नाति, तिलबहादुर कार्कीको छोरा गण्डकी प्रदेश, स्याङ्जा जिल्ला साविक फेदीखोलागा.वि.स वडा नं. १ को हाल परिवर्तित फेदीखोला गा.पा. वडा नं. २ बस्ने चित्रबहादुर कार्कीका नाउमा नापि नक्शा भै आँफैले हकभोग गरी आएको साविक फेदीखोलागा.वि.स. वडा नं. १ को हाल फेदीखोलागा.पा. वडा नं. २ को कित्ता नं. २६५५ क्षेत्रफल ०.७.१.०., र साविक स्याङ्जा जिल्ला पुतलीबजार न.पा. वडा नं. ९ को हाल पुतलीबजार न.पा. १ को कित्ता नं. ४३६७ को क्षेत्रफल ०.२.०.०. जग्गा र सो जग्गाले चर्चेको र भविश्यमा चर्चिने सम्पूर्ण लिग लागापत समेत।

(माथि उल्लेखित सम्पत्ति फेदीखोलागा.पा वडा नं. २ को कित्ता नं. २६५५ क्षेत्रफल ०.७.१.०., र साविक स्याङ्जा जिल्ला पुतलीबजार न.पा. वडा नं. ९ को हाल पुतलीबजार न.पा. १ को कित्ता नं. ४३६७को क्षेत्रफल ०.२.०.०. जग्गाको लागि जम्मा रु. ३१,९४,६८८।- अक्षेरुपी एकतीस लाख चौरानब्बे हजार छ सय अठासी।)

श्री कालिका बचत तथा ऋण सहकारी संस्था लि.
भीरकोट नगरपालिका-१, स्याङ्जा
फोन नं. ०६३ः ६२०१७०,१९७


# साढे ५२ लाख ग्राहकको घरमा पुग्यो बिजुली

रासस
काठमाडौं, १ फागुन

देशभर बिजुली उपभोग गर्ने ग्राहकको सङ्ख्या ५२ लाख ५० हजार बराबर पुगेको छ। त्यसमा प्राधिकरणको मात्रै कूल ग्राहक सङ्ख्या ४७ लाख बराबर पुगेको छ। यस्तै, सामुदायिकतर्फका ग्राहकको सङ्ख्या पाँच लाख ५० हजार बराबर पुगेको छ।

चालु आर्थिक वर्षको ६ महिनामा नै प्राधिकरणको ग्राहक सङ्ख्यामा एक लाख १२ हजार थप भएको छ । गत असार मसान्तमा कूल ग्राहक सङ्ख्या ५१ लाखको हाराहारीमा थियो। विद्युत् उपभोग गर्ने ग्राहकको सङ्ख्यामा क्रमशः बढोत्तरी हुँदै गएको छ । देशभर पछिल्लो विवरणअनुसार झन्डै ९२ प्रतिशत घरपरिवारमा बिजुलीको सेवा पुगेको छ। यसबाट क्रमशः सरकारले अपेक्षा गरेको उज्यालो नेपालको सपना क्रमशः साकार हुने क्रममा पुगेको छ । सरकारले कर्णाली प्रदेशका विभिन्न जिल्लामा दुई वर्षमा बिजुली उपलब्ध गराउने लक्ष्यका साथ काम भइरहेको छ। डोल्पा, हुम्ला र मुगुमा हालसम्म केन्द्रीय प्रसारण लाइन पुगेको छैन। ती जिल्लामा बिजुली उपलब्ध गराउन कर्णाली प्रदेशको राजधानी सुर्खेतलाई केन्द्र बनाएर प्राधिकरणले काम गरिरहेको छ । प्राधिकरणले कर्णाली प्रदेशमा गुणस्तरीय विद्युत् सेवा उपलब्ध गराउनका लागि थप रु २५ अर्ब खर्च गर्ने योजना अगाडि बढाएको छ। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार पछिल्लो ६ महिनामा बिजुलीको उपभोग गर्ने ग्राहकको सङ्ख्याका अलावा विद्युत् खपतसमेत वृद्धि भएको छ । मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा कार्यकारी निर्देशक घिसिङले गत पुस मसान्तसम्म प्रतिव्यक्ति विद्युत् खपत ३२५ किलोवाट पुगेको छ । उहाँका अनुसार पछिल्लो छ महिनामा देशभर थप ३०० मेगावाट थप बिजुली खपत भएको छ।

# तनहुँका २९ हजार बालबालिकाले मोडर्नाको खोप

रासस
दमौली, १ फागुन

तनहुँका २९ हजार बालबालिकाले कोभिड-१९ विरुद्धको मोडर्ना खोपको पूरा मात्रा लगाएका छन्।

दशवटै स्थानीय तहका २९ हजार हजार १६० बालबालिकाले मोडर्ना खोपको पूरा मात्रा लगाएको स्वास्थ्य कार्यालय तनहुँले जनाएको छ। पहिलो मात्रा लगाउनेको सङ्ख्या भने ३४ हजार ३०३ छ । १२ देखि १७ वर्ष उमेर समूहका बालबालिकालाई सम्बन्धित विद्यालयमै खोप लगाउने व्यवस्था मिलाइएको थियो।

स्वास्थ्य कार्यालयका खोप अधिकृत एवं सूचना अधिकारी शङ्करबाबु अधिकारीका अनुसार भानु नगरपालिकाका तीन हजार ३९, व्यास नगरपालिकाका सात हजार ६५१, शुक्लागण्डकी नगरपालिकाका पाँच हजार ६०० र भिमाद नगरपालिकाका दुई हजार ७०० बालबालिकाले पूरा मात्रा लगाएका छन्। म्याग्दे गाउँपालिकाका एक हजार ४०४, घिरिङ गाउँपालिकाका एक हजार २०८, ऋषिङ गाउँपालिकाका दुई हजार २१, देवघाट गाउँपालिकाका एक हजार ४५४, बन्दीपुर गाउँपालिकाका एक हजार ७०४ र आँबुखैरेनी गाउँपालिकाका दुई हजार ३७९ बालबालिकाले पूरा मात्रा लगाएका छन्।

पहिलो मात्रा लगाउनेको सङ्ख्या भने भानुमा तीन हजार ४८०, व्यासमा दश हजार ८०, म्याग्देमा एक हजार ५७७, शुक्लागण्डकीमा ६०० हजार ११०, भिमादमा तीन हजार ४७, घिरिङमा एक हजार ४१२, ऋषिङमा दुई हजार १६९, देवघाटमा एक हजार ७२ ९, बन्दीपुरमा दुई हजार ५३ र आँबुखैरेनीमा दुई हजार ७४६ रहेको स्वास्थ्य कार्यालयले जनाएको छ।

यसैबीच १८ वर्षभन्दा माथिका दुई लाख बढीले कोभिड विरुद्धको खोपको पूरा मात्रा लगाएका छन् । भानुका २६ हजार २५०, व्यासका ५५ हजार ७७९, म्याग्देका १४ हजार ३९, शुक्लागण्डकीका ३६ हजार ५४६ ले पूरा मात्रा खोप लगाएका छन्।

भिमादका १७ हजार ८९३, घिरिङका आठ हजार ५५३, ऋषिङका ११ हजार २२४, देवघाटका आठ हजार ९४१, बन्दीपुरका ११ हजार ८४९ र आँबुखैरेनीका १५ हजार ८८७ ले पूरा मात्रा खोप लगाएका छन्।

यसैगरी सात हजार ४३२ ले तेस्रो मात्रा (बुस्टर) खोप लगाएका छन्। कोभिडसिल्डको तेस्रो मात्रा लगाउनेको सङ्ख्या छ हजार २५३, एक हजार १७५ ले भेरोसेल र चार जनाले जोन्सनको तेस्रो मात्रा खोप लगाएका छन्।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१